
# अन्ताक्षरी खेल



## राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# अन्ताक्षरी खेल

लेखक : ध्रुव घिमिरे

चित्र : उज्ज्वल तामाङ


प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

संस्करण : २०७५

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा यो सामग्री प्रकाशन भएको हो। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बित गर्दैनन्। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ।


“अघिल्लो हप्ता हामीले के खेल खेल्यौँ ? सम्झ त !”




"गुरुमा, नमस्कार ! अघिल्लो हप्ता हामीले अन्ताक्षरी खेल्यौं ।"




"हो, ठिक भन्यौ। आज पनि त्यही खेल खेलौँ। त्यसैगरी खेल्ने ल ?"






“हुन्छ, गुरुमा। हामी त्यसरी नै मिलेर बसिसकेका छौँ।”



"स्याबास । कन्चनजङ्घा र ल्होत्से समूह सुन । दुवै समूहले अन्तमा 'लो' आउने तीन तीन ओटा शब्द भन त ।"




कालो
टालो
सालो
जालो
रालो
आलोपालो

"स्याबास ! अन्तमा 'उवा' ध्वनि आउने तीन तीन शब्द भन त ।"




करुवा, बिरुवा, हलुवा ।
चरुवा, सरुवा, हरुवा ।


"धन्यवाद ! जोडिएको वर्णपछाडि 'ल' आउने तीन तीन शब्द भन त ।"



झ्याल, न्याल, स्याल ।



प्वाल, ह्वेल, ख्यालख्याल ।



"धन्यवाद ! दुवै समूहलाई । दुवैको बराबरी अङ्क आयो । दुवै विजयी भयौ ।"



मुख्य शब्दहरू

| | | |
|---|---|---|
| कालो | टालो | सालो |
| जालो | रालो | आलोपालो |
| करुवा | बिरुवा | हलुवा |
| चरुवा | सरुवा | हरुवा |
| झ्याल | न्याल | स्याल |
| प्वाल | ह्वेल | ख्यालख्याल |

# अन्ताक्षरी खेल

वर्ण र मात्राको चिनारीपछि बालबालिकालाई आफैँ पढ्न सहयोग पुग्ने यी विसङ्केतन पाठ (Decodable Readers) प्रकाशनमा ल्याउन पाउँदा हामी खुसी छौँ । बालबालिकालाई सहज रूपमा पढ्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हो । कथासहितका यी किताबका शृङ्खला पढेर बालबालिकाले रमाइलो मान्ने छन् । उनीहरू सही उच्चारण गर्न सक्षम पनि हुने छन् । समग्रमा यी अध्ययन सामग्रीले बालबालिकाको पढ्ने सिपको विकासमा मदत पुऱ्याउने छ ।

## शिक्षकलाई निर्देशन

१. सबै वर्ण र मात्राको चिनारीपछि प्रत्येक बालबालिकालाई यो अध्ययन सामग्री पढ्न दिनुहोस् ।

२. बालबालिकाले पढिरहेका बेलामा शिक्षकले अवलोकन गर्नुहोस् । धेरैजसो बालबालिका कुनै शब्दमा अडिएका छन् वा उनीहरूलाई पढ्न गाह्रो भएको छ भने ती शब्दलाई टिपेर राख्नुहोस् ।

३. गाह्रो मानिएका शब्दका बनोट बालबालिकालाई राम्ररी बुझाएर ती शब्द पटक पटक उच्चारण गरिदिनुहोस् । बालबालिकालाई पनि ती शब्दको उच्चारण अभ्यास गराउनुहोस् ।